आज मिति २०८१ साल कार्तिक ११ गते आइतबारका दिन बिहान ९:०० बजे त्रिवेणी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री खिम बहादुर रावत ज्यूको अध्यक्षतामा तथा तपसिलको उपस्थितिमा बसी देहाय वमोजिमका निर्णय गरियो ।

## उपस्थिति

| क्र.स. | नाम,थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री खिम बहादुर रावत | अध्यक्ष | |
| २ | श्री सिता खडका पुन | उपाध्यक्ष | |
| ३ | श्री दल बहादुर बस्नेत | वडा अध्यक्ष - वडा नं.1 | |
| ४ | श्री हस्त बहादुर रामजा | वडा अध्यक्ष - वडा नं. २ | |
| ५ | श्री कणदिव डाँगी | वडा अध्यक्ष - वडा नं.३ | |
| ६ | श्री छविराज शर्मा | वडा अध्यक्ष - वडा नं.४ | |
| ७ | श्री बिमल रावत | वडा अध्यक्ष - वडा नं. ५ | |
| ८ | श्री मनोज शाह | वडा अध्यक्ष - वडा नं. ६ | |
| ९ | श्री अमृता बि.क. | कार्यपालिका सदस्य | अमृता |
| १० | श्री पार्वती वि.क. दर्लामे | कार्यपालिका सदस्य | |
| ११ | श्री रत्न कुमारी बोहरा | कार्यपालिका सदस्य | रत्न |
| १२ | श्री तुलसी रावत | कार्यपालिका सदस्य | |
| १३ | श्री तुलाराम सुनार | कार्यपालिका सदस्य | तुलाराम |
| १४ | श्री हिरालाल परियार | कार्यपालिका सदस्य | हिरालाल |
| १५ | श्री खुम बहादुर के सी | सचिव | |

आमन्त्रित

श्री तिलक रावल
श्री अमर सिं बवाल
श्री सन्तोष सापकोटा
श्री रोहित देवकोटा

अधिकृत छैठौं
योजना शाखा प्रमुख
लेखापाल
रोजगार सहायक

## निर्णयहरु

निर्णय नं. १ - प्रस्ताव नं. १ माथि छलफल गर्दा, त्रिवेणी गाउँपालिका शिक्षा समितिको मिति २०८१ कार्तिक ९ गतेका दिन भएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. २ - प्रस्ताव नं. २ माथि छलफल गर्दा, त्रिवेणी गाउँपालिका स्थित पैदल मार्गहरुमा पर्ने खोला तर्न झोलुङ्गे पुलको अभावका कारण घुमाउरो बाटो पार गर्दा घण्टौं हिड्नुपर्ने बाध्यता भएको हुँदा तपशिल बमोजिमका झोलुङ्गे पुलहरु निर्माणको लागि स्थानीय पुर्वाधार विभाग झोलुङ्गेपुल शाखा पुल्चोक, ललितपुरमा पेश गर्ने ।

तपशिल

१.कोलचौर खोला झोलुङ्गे पुल वडा नं.१, अनुमानित लम्बाइ ५० मिटर

२.सुवाखोला झोलुङ्गे पुल वडा नं.१ र २ जोड्ने, अनुमानित लम्बाइ १०० मिटर

३.कँरिवास झोलुङ्गे पुल वडा नं. ३ र छत्रेश्वरी ७, अनुमानित १७०

४.जोगीजोगिनी देखी बुजेपाटी झोलुङ्गे पुल वडा नं. ५ र ४ जोड्ने ।अनुमानित लम्वाइ १५० मिटर

५.त्रिवेणी गाउँपालिका वडा नं. १को रिखेखोला पानीघाट जोड्ने झोलुङ्गे पुल अनुमानित लम्वाइ ८० मिटर

निर्णय नं. ३ - प्रस्ताव नं. ३ माथि छलफल गर्दा, प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विनियोजित वजेट रु.५६,५२०००। मध्येबाट १०० दिन रोजगार प्रदान गर्ने गरी जम्मा ८४ जनालाई रोजगार प्रदान गर्न सकिने भएकोमा तपशिल बमोजिम वडागत रुपमा श्रमिकको संख्या निर्धारण गरियो ।

तपशिल

| क्र.स. | विवरण | श्रमिकको संख्या |
|---|---|---|
| १ | वडा नं. १ | १५ |
| २ | वडा नं. २ | १५ |
| ३ | वडा नं. ३ | १५ |
| ४ | वडा नं. ४ | १३ |
| ५ | वडा नं. ५ | १३ |
| ६ | वडा नं. ६ | १३ |

पुर्ण बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

निर्णय नं. ४ - प्रस्ताव नं. ४ माथि छलफल गर्दा, विविध प्रस्ताव अन्तर्गत तपशिल बमोजिमको निर्णय गरियो ।

क) वडा नं. ५ सिम्क स्वास्थ्य चौकीमा करार सेवामा कार्यरत अनमि लक्ष्मी डाँगीले कार्तिक मसान्त सम्म राजीनामा दिएको हुँदा उक्त स्थानमा स्वास्थ्य चौकीको पदपुर्ति गरिदिने सम्वन्धी पत्रानुसार उक्त स्वास्थ्य चौकीमा रिक्त करार सेवा अन्तर्गत अ.न.मी पदमा पदपुर्तिका लागि विज्ञापन आह्वान गर्ने ।

ख) त्रिवेणी गाउँपालिकामा दरबन्दी रही गुर्भाकोट नगरपालिका सुर्खेतमा कामकाज गरिरहेका कर्मचारी संकेत नं. २३७२३६ निवेदक सिर्जना सापकोटाले गुर्भाकोट नगरपालिका सुर्खेतमा पदस्थापना भई कामकाज गर्नको लागि कर्णाली प्रदेश स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०८१ को दफा १३६ को उपदफा २ बमोजिम सहमति माग गरेको हुँदा गुर्भाकोट नगरपालिका सुर्खेतमा पदस्थापना गरिदिनको लागी सहमति प्रदान गर्ने ।

ग)त्रिवेणी गाउँपालिकाको क्षेत्र भित्र सयपत्री फुलका अतिरिक्त विभिन्न प्रकृतिका फुलको उत्पादन बढीरहेको तर आयातित प्लाष्टिकको मालाले स्वदेशी उत्पादन खपतमा प्रभाव पारीरहेको हुँदा त्रिवेणी गाउँपालिकाको क्षेत्रभित्र प्लाष्टीकको माला विक्रि वितरण निषेध गर्ने निर्णय गरियो ।

घ)पिमखोला गैरीकटेरी सडक खण्ड अन्तर्गत दुध्लेखोलीमा सडक भाँसीइ बन्द भएको हुँदा उक्त सडक निर्माणका लागि आवश्यक बजेटको विनियोजन गर्ने ।

ङ) त्रिवेणी गाउँपालिकाको रिखेबजार खेलकुद मैदान निर्माणको लागि कर्णाली प्रदेश सरकारवाट विनियोजित भई सामाजिक विकास कार्यालय खलंगा सल्यानवाट कार्यान्वयन हुने चालु आ.व. को वजेटवाट उक्त खेलकुद मैदानको घेरबारको लागि पर्खाल निर्माण तथा सौचालय निर्माण गर्नको लागि सामाजिक विकास कार्यालय खलंगा सल्यानलाई अनुरोध गर्ने निर्णय गरियो ।

त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुर्खेम, सल्यान
कर्णाली प्रदेश, नेपाल
२०७३

खुम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत